## सूचना ३

निर्माण तथा यातायात मन्त्रालयका सचिव श्री मुक्तिप्रसाद काफ्ले केही विकसित एवम् विकासोन्मुख मुलुकहरूमा सडक यातायातसम्बन्धी अध्ययन भ्रमणमा जानुहुने भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री गौरीनाथ रिमाललाई मिति २०४५।६।२३ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ४

वाणिज्य मन्त्रालयका सचिव श्री दामोदरप्रसाद गौतम नेपाली प्रतिनिधि-मण्डलको नेतृत्व गरी नेपाल–भारत वाणिज्य वार्ताको सिलसिलामा नयाँ दिल्ली जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री अरुणचन्द्र प्रधानलाई मिति २०४५।६।२६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४५।६।३ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्रांकित द्वितीय श्रेणी (उप-सचिव स्तर), जिल्ला पञ्चायत सचिवालय, जुम्लाका स्थानीय विकास अधिकारी श्री रामशरण शर्माले दिनुभएको राजीनामा मिति २०४५।४।४ देखि लागू हुने गरी स्वीकृत गरेको छ ।

आज्ञाले,
श्यामकुमार प्रधान
सह-सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

२७४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।